# आँधीखोलाले 'जाऊ' है अन्धाअन्धी श्रवणकुमार अभियान' समेट्दै नीति तथा कार्यक्रम सार्वजनिक

**प्रकाश डोटेल**
**स्याङ्जा, ६ असार**

आँधीखोला गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। गाउँपालिकाका अध्यक्ष सुधिर पौडेलले नवौ गाउँसभाबाट चालु बर्षका नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन।



नीति तथा कार्यक्रममा स्वास्थ्य, शिक्षा, कृषि, उद्यम, सूचना प्रबिधि र पर्यटनलाई जोड दिएको छ। स्याङजाको पहिचान बोकेको अन्धाअन्धी दह र श्रवणकुमारको पहिचान बढाउने खालका कार्यक्रम 'जाऊ' है अन्धाअन्धी श्रवणकुमार अभियान' संचालन गर्ने भएको छ । यसैगरी, सिरुवारी-गोरुजुरे-अन्धाअन्धी-श्रवणकुमार-पंचासे पर्यटन मार्ग बनाउने, सेतीदोभान–साधना गार्डेन पदमार्ग र टावर निर्माण, डहरे लेकमा जंगल पार्क बनाईने जस्ता योजनालाई समावेश गरिएका छन्। सिरुवारी होमस्टेको संस्थागत संरचनाको निर्माण गरिने भएको छ।

कार्यक्रममा कृषि तथा फलफूल उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, सुन्तला पकेट कार्यक्रम, किवी पकेट विकास कार्यक्रम संचालन गर्ने भनिएको छ। भूमि बैङ्क र चक्लाबन्दीलाई प्रोत्साहन गर्ने, एक गाउँ एक पकेट क्षेत्र, कृषकलाई कृषि तथा पशु बिमा गर्न प्रोत्साहन गरिने जस्ता कार्यक्रम छन्।

सबै जातजातिका, भेषभुषा, संस्कृतिको संरक्षण र पहिचानको लागि बहुजातीय संग्रहालय निर्माण, सबै वडा कार्यालयमा इन्टरनेटको ब्यवस्था, २ वटा वडा बालमैत्री बनाईने, पालिकाबासीलाई एक घर एक धारा अनुरुप सर्वसुलभ र स्वच्छ खानेपानी, गाउपालिकाको १० शैयाको अस्पतालको स्तरोन्नी, योग ध्यान केन्द्र निर्माण, उपचार सहायता राहत कोषको स्थापना, किशोर किशोरीमैत्री सूचना केन्द्र, हाम्रो बिद्यालय राम्रो बिद्यालय, जोखिमयुक्त बस्ती पहिचान सहित स्थानान्तरण, वातावरणमैत्री स्थानीय शासनमा जोड दिइएको छ। नीति तथा कार्यक्रम अन्तर्गत उत्पादनसँग विद्यार्थी विद्यार्थीसँग अध्यक्ष कार्यक्रम अनिवार्य रुपमा खोपको व्यवस्था, जेष्ठ नागरिकको सेवालाई स्वास्थ्य प्रबर्द्धधन गर्दै जेष्ठ नागरिक गाउँघर स्वास्थ्य क्लिनिक कार्यक्रम, जेष्ठ नागरिक पोषण कार्यक्रम, पनि समावेश छन्। लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गरिने, खेल मैदान निमार्ण, गाउँपालिकाको केन्द्रबाट वडा केन्द्रसम्म पुग्ने सडकहरुलाई स्तरोन्नत्ति सहित कालोपत्रे गरिने, सडक एवं पुर्वाधारतर्फ ४० प्रतिशत स्टक्चरको काम गर्ने उल्लेख छ। सेतीदोभान र शिरुवारी जोड्ने आँधीखोलामा निर्माणाधीन पुल निर्माण, बहुउद्देश्यीय सभा हल व्यापारिक तथा सपिङ कम्प्लेक्स जस्ता गाउँपालिकाका गौरब आयोजनाका कामलाई सम्पन्न गरी संचालन गर्ने व्यवस्था मिलाइने, सौर्य ऊर्जाका साथ आँधीखोला उज्यालो अभियान सञ्चालन गर्न प्रयत्न गरिने उल्लेख गरिएको छ। पालिकाले गतबर्षभरी गरेका कामका बारेमा समिक्षा गदै चालु बर्ष संचालन गर्नेगरी नीति तथा कार्यक्रम सार्वजनिक गरेको हो । पालिकाले १३ वटा ऐन पारित गरेको, कोभिडको माहामारीमा परेका नागरिकको स्वास्थ्य उपचारका लागि अक्सिजन सहितको स्वास्थ्य उपचार र आवश्यकता अनुरुपको स्वास्थ्य परिक्षण गरेको, न्यायिक समितिमा परेका १७ वटा उजुरी मध्ये १६ वटाका समस्या समाधान गरेको बताईएको छ।

राजश्व संकलनमा ९४ प्रतिशत सफलता मिलेको, पालिकामा संचालित आयोजनामा ८५ प्रतिशत भौतिक तथा ६२ प्रतिशत बित्तिय प्रगती भएको, ९८ प्रतिशतलाई खानेपानीको सुबिधा, ७० हेक्टरमा सिंचाई सुबिधा, गतबर्ष २६ किलोमीटर कालेपत्रे सडक निर्माणपछि अहिले पालिकाभित्र ३० दशमलब ४ किलोमीटर पक्की सडक बनेको अध्यक्ष पौडेलले जानकारी गराए।

पालिकाले ५० प्रतिशत अनुदानमा टनेल, हाते ट्र्याक्टर उपलब्ध गराउनुका साथै, निशुल्क बिउविजन, मल, कागतीका विरुवा उपलब्ध गराएको छ । पर्यावरण जोगाउन ५२ हजार माछाका भुरा, बिद्यार्थीलाई एभोकाडो कार्यक्रम सहित १६ हजार बिरुवा रोपण, ९ हजार किलो बर्षे आलुको बीउ सामुहिकरुपमा बितरण लगायतका बिभिन्न कार्यक्रम सम्पन्न गरेको छ।




पार्क प्रवेश द्वार निर्माण : पोखरा महानगरपालिकाद्वार निर्मित - १८ मेथलाङ स्थित राष्ट्रिय विभूति तथा शहिद पार्कको मुख्य प्रवेशद्वार निर्माण गर्दै मजदुर। तस्वीर : राधिका कँडेल

# दृष्टिविहीन र अपाङ्गता भएका परिवारलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असार**

एसओएस बालग्राम रामबजार पोखराका आमाहरूले नयाँ बजारमा बसोबास गर्दै आएका दृष्टिविहीन एवम् अपाङ्गता भएका परिवारलाई खाद्य सामग्री सहयोग गर्नुभएको छ।

बालग्रामका संस्थापक हर्मनमाइनरको जन्मदिन एवम् ३५औं एसओएस दिवसका अवसरमा आमाहरूले पाँच दृष्टिविहीन र ११ शारीरिक अपाङ्गता भएका परिवारलाई रु २५ हजार बराबर राहत सामग्री वितरण गर्नुभएको हो। एसओएस बालग्राममा कार्यरत २४ आमाले सामूहिक रूपमा सङ्कलित रकमबाट चामल, दाल, तेल, नुन, चिउरा, बेसार, मास्कलगायतका सामग्री खरीद गरी अपाङ्गता भएका परिवारलाई सहयोग गरिएको लक्ष्मीदेवी बाँस्तोलाले जानकारी दिनुभयो । निषेधाज्ञाका कारण रोजगारीगुमाएरभोकैबस्नेअवस्थामा पुगेका १७ परिवारलाई तत्कालका लागि खाद्यान्न सहयोग गरिएको उहाँको भनाइ छ। बालग्रामका १५ घरमा १५३ बालबालिका छन्।

# स्याङ्जामा असार १५ सम्म निषेधाज्ञा

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असार**

स्याङ्जामा निषेधाज्ञा थप गरिएको छ। आइतबार जिल्ला प्रशासन कार्यालय स्याङ्जाले एक सूचना जारी गर्दै यसअघि कायम रहेको निषेधाज्ञालाई बढाएर असार १५ गतेसम्म कायम हुने जनाएको छ।

गत वैशाख २१ गते देखि सुरु भएको निषेधाज्ञा कोरोना संक्रमितको संख्या जिल्लामा बढ्दै गएपछि थप गर्दै लगिएको प्रमुख जिल्ला अधिकारी दिपकराज नेपालद्वारा जारी सूचनामा जनाइएको छ।

# सामाजिक अभियान्ता शर्माद्धारा खाद्य सामाग्री सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असार**

पोखरा १४ स्थित सेतीदोभान नमुनाटोल निवासि ३५ बर्षीया बिष्णु परियारलाई काठमाण्डौं निवासी सामाजिक अभियान्ता शान्त शर्माले खाद्य सामाग्री सहयोग गरेका छन्।

परियारको घरमा खाद्य सामाग्री अभाव भएको कुरा उनका आफन्तले वोधि सत्वा विहारका शर्मालाई जानकारी गराएसंगै शर्माले १५ दिनलाई पुग्ने चामल, तेल, दाल र नुन सहयोग गरेका हुन्।

पोखराका पत्रकार दीननाथ बराल, पोखरा रामबजार निवासी देवि प्रसाद उपाध्याय सहितको टोलीले उनको घरमै पुगेर खाद्य सामाग्री आइतबार वितरण गरेको हो। विगत ७ महिना अघि श्रीमान गुमाएकी परिवारको घरमा हाल १ छोरी सहित ८ जना अर्कोको घरमा मजदुरी गर्दै आएका छन्।

हाल कोरोनाको कारण मजदुरी गर्न नपाएर खाद्य सामाग्री अभाव भएको बिष्णु परियारले गुनासो गरिन् । काठमाण्डौंबाट आफ्नो लागि राहत प्रदान गर्ने शर्मालाई उनले धन्यवाद समेत दिएकी छन्।

# पत्रकारलाई कामबाट हटाउने कार्य रोक्न आग्रह

**रासस**
**काठमाडौं, ६ असार**

नेपाल पत्रकार महासङ्घले श्रमजीवी पत्रकारलाई कामबाट हटाउने कार्य तत्काल रोक्न आग्रह गरेको छ।

महासङ्घले कोरोना संक्रमणलाई बहाना बनाउँदै केही सञ्चारगृहले श्रमजीवी पत्रकारलाई कामबाट हटाउने, पारिश्रमिक नदिने, पारिश्रमिक घटाउने र बेतलबी बिदा दिनेजस्ता क्रियाकलाप बढाएको बढाएको भन्दै त्यस्ता क्रियाकलाप रोक्न आग्रह गरेको छ।

महासङ्घले आज विज्ञप्ति जारी जारी पारिश्रमिक नपाएका पत्रकारलाई नियमित पारिश्रमिक उपलब्ध गराउन, खाइपाइ आएको पारिश्रमिक नघटाउन र बेतलबी बिदामा नराख्न समेत आग्रह गरेको छ। 'दोस्रो लहरको कोरोना संक्रमण दर वृद्धि भएसँगै श्रमजीवी पत्रकारका श्रम समस्या बढ्न थालेको छ, कोरोना संक्रमणका कारण उत्पन्न यो कठिन परि स्थितिमा कुनै पनि सञ्चार प्रतिष्ठान आफ्ना कर्मचारी र कामदारप्रतिको दायित्वबाट पञ्छन नमिल्ने महासङ्घको ठहर छ'-विज्ञप्तिमा भनिएको छ । महासङ्घले संक्रमणको जोखिम मोलेर अहोरात्र खटिरहेका सञ्चारकर्मीको व्यावसायिक सुरक्षाको सम्मान गरी श्रमजीवी पत्रकार ऐन र अन्य ऐनले तोकेअनुसारको सेवा-सुविधा प्रदान गर्न गराउन पनि आग्रह गरेको छ।

श्रमजीवी पत्रकार ऐन र श्रमसम्बन्धी कानुन कार्यावन्यन गर्ने दायित्व सरकारको भएकोले ऐन कार्यान्वयनमा गम्भीर बन्न र ऐन कार्यान्वयन नगर्ने सञ्चारगृहलाई सरकारी सेवा-सुविधाबाट बञ्चित गर्न तथा श्रम समस्याका विषयमा तत्काल अनुगमन गर्न महासङ्घले सरकारको ध्यानाकर्षण गराएको छ । महासङ्घले यही असार ७ गते सोमबारदेखि विभिन्न सञ्चारगृहमा अनुगमन गर्ने भएको छ। सो अनुगमनपश्चात अनुगमन समितिबाट प्राप्त प्रतिवेदनका आधारमा सञ्चार गृहका सम्बन्धमा आवश्यक निर्णय लिएर महासङ्घले दबाबमूलक कार्यक्रम र कानुनी संघर्षमा जाने भएको छ।

# चामेमै रोकियो सेनाको हेलिकप्टर

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असार**

मनाङको बाढीपहिरो पीडितका लागि राहत लिएर आएको नेपाली सेनाको हेलिकप्टर मौसम खराबका कारण सदरमुकाम चामेमै रोकिएको छ । विघटित प्रतिनिधिसभा सदस्य पोल्देन छोपाङ गुरुङसहित स्थानीय तहका पदाधिकारी सवार हेलिकप्टर राहत लिएर मनाङको बाढी प्रभावित क्षेत्रमा आएको हो।

मनाङको विभिन्न स्थानका बाढीपीडितका लागि राहत लिएर आएको हेलिकप्टरमा इन्धन राख्न पोखरा लागि उडेको थियो तर मौसम खराब भएकाले पुनः सदरमुकाम चामे नै फर्किएको हो । मौसम अनुकूल भएपछि हेलिकप्टर पोखरा प्रस्थान गर्नेछ।

बाढीपीडितलाई दैनिक उपभोग्य सामग्रीसहित तत्कालका लागि आवश्यक पर्ने त्रिपाल, टेन्ट, म्याटलगायतका राहत सामग्री ल्याइएको जनाएको छ। गएको मङ्गलबार मनाङको विभिन्न स्थानमा भीषण वर्षापछि यहाँका बाटो क्षत्विक्षत् भएर गाडीसमेत आवागमन हुन सकेका छैनन्।

बाढीपहिरोको प्रकोप न्यूनिकरण गर्न जथाभावी ढुङ्गा, बालुवा निकाल्ने तथा खोलाको बहाव बदल्ने कार्य नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

निशुल्क कानूनी सहायता

- निशुल्क कानूनी सहायता भनेको असमर्थ व्यक्तिलाई सरकारको तर्फबाट दिइने कानूनी राय सल्लाह तथा त्यस्तो व्यक्तिको तर्फबाट अड्डा अदालतहरुमा गरिने बहस पैरवी, लेखापढी तथा कानूनी कारबाहीका सम्बन्धमा उपलब्ध हुने अन्य सेवा समेत हो।
- वार्षिक ४० हजार रुपैयाँ वा सोभन्दा कम आय हुने व्यक्ति वा लैंगिक हिंसा वा सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिलाई कानूनी सहायता उपलब्ध गराइन्छ।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
फोन: ०६१-४६७७३२/४६७७३३

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सवैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख।

– शेक्सपियर

**सम्पादकीय**

# खुकुलो निषेधाज्ञा

करिब दुई महिनादेखि जारी निषेधाज्ञा केही खुकुलो बनाइने भएको छ। बैशाख तेस्रो साता अपनाईएको जोरबिजोर नम्बरका आधारमा निजी सवारी साधनलाई चलाउन दिने,बार अनुसार पसल खोल्न दिने निर्णय भएको छ।काठमाडौं उपत्यका लगायत केही ठूला शहरमा जोर बिजोरका आधारमा आधारमा निजी सवारी साधन चल्ने भएका छन्। असार ८ गतेदेखि लागू हुनेगरी जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञाको मोडालिटी परिवर्तन गरेका छन। निजी सवारी साधन कार, जीप, भ्यानमा बढीमा चारजना, ट्याक्सीमा बढीमा तीनजना मात्र सवार हुन पाउने छन्। मोटरसाइकल, स्कुटी जोरबिजोर प्रणालीमा चल्नेछन्।

सबै सवारी साधन जोर गते जोर र बिजोर गते बिजोर नम्बरका आधारमा सञ्चालन हुनेछन्। सरकारी, सार्वजनिक संस्थान, कूटनीतिक नियोग, सुरक्षा निकाय, स्वाास्थ्यकर्मी, कृषि, मल, बिउविजन, पशु चिकित्सकलगायत अत्यावश्यक सवारी साधन निर्वाध रुपमा रुपमा सञ्चालन हुनेछन्। सार्वजनिक तथा निजी निर्माण कार्यको लागि निर्माण सामग्री ढुवानी राति ९ बजेदेखि बिहान ५ बजेसम्म सञ्चालन हुनेछन्। कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथामका लागि काठमाडौं उपत्यका लगायत बिभिन्न जिल्लामा जारी निषेधाज्ञा एक साता थपिएको छ।

काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख जिल्ला अधिकारीको बैठकले निषेधाज्ञा असार १४ गते मध्यरातसम्म थप गरेको हो। अन्य जिल्लामा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले वैशाख १६ गतेदेखि लागू भएको निषेधाज्ञाले निरन्तरता पाएको छ। पछिल्लो एक साता थपिएको निषेधाज्ञाको मोडालिटी केही परिवर्तन भएको छ। निषेधाज्ञाको नयाँ मोडालिटी अनुसार प्रशासनले बारको आधारमा व्यवसाय सञ्चालन गर्न दिने भएको छ।

असार ८ गतेदेखि आइतबार, मंगलबार र बिहीबार सुनचाँदी, भाँडा, विद्युतीय, घरायसी सामानका पसल खुल्नेछन्। त्यसैगरी सोमबार, बुधबार र शुक्रबार सपिङ मल, खेलकुद सामग्री पसल, कपडा, जुत्ता पसल खोल्न दिने निर्णय भएको छ। बारको आधारमा बिहान ११ बजेदेखि ४ बजेसम्म पसल खोल्न पाइने छ। तरकारी, खाद्यान्न र फलफूलका पसल बिहान ११ बजेसम्म खुल्नेछन्। यसअघिको निषेधाज्ञा असार ७ गते मध्यरातसम्म कायम रहनेछ। थप भएको निषेधाज्ञा असार ८ गतेदेखि कार्यान्वयन हुनेछ। निषेधाज्ञा प्रहरीको आँखा छल्न पाए हुन्थ्यो भन्ने सोच छ। नागरिक सचेतना कार्यक्रम सञ्चालन गर्नुका साथै केही खुकुलो बनाउदा प्रभावकारी हुन्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारिरीक झमेला | तुला | : झमेला बड्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मानसिक तनाब | धनु | : सत्कार मिल्नेछ |
| ककर्ट | : आर्थिक समस्या | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मन चञ्चल |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# 'कालीगण्डकी सभ्यता बचाऔँ अभियान'मा युवा सक्रियता

-खेमराज गौतम

**गलकोट, ६ असार**

नेपालको पुरानो सभ्यतामध्ये एक कालीगण्डकी सभ्यता पनि हो। कालीगण्डकी नदीमा विश्वकै दुर्लभ शालिग्रामसमेत पाइन्छ। हिन्दू धर्मावलम्बीले पवित्रताका लागि जल स्नानसमेत गर्ने कालीगण्डकी नदी पछिल्लो समय भने अवैध दोहनको सिकार भइरहेको छ।

सरकार र सरोकारवाला निकाय अवैध दोहनमा पनि मूकदर्शक प्रायः देखिन्छ। मुस्ताङ, म्याग्दी, बागलुङ र पर्वत भएर बग्ने कालीगण्डकी नदीलाई अन्य नदीभन्दा अझ बढी महत्वपूर्ण मानिन्छ। विश्वकै दुर्लभ शालिग्राम पाइने नदी पछिल्लो समय मनपरी दोहन हुँदा शालिग्राम लोप हुने अवस्थामा पुग्न थालेको छ भने नदीले धारै परिवर्तन गर्दा बेनी बजार, मालढुङ्गालगायतका बस्ती कटानको जोखिममा परेका छन्।

कालीगण्डकी नदीमाथि अवैध दोहन हुने क्रम नरोकिएपछि कालीगण्डकी नदी बचाउनका लागि यहाँका युवाहरूले सक्रियता देखाउन थालेका छन्। नदी र यहाँको सभ्यता बचाउनका लागि धौलागिरि र गण्डकीका युवाहरू स्वतःस्फूर्तरूपमा अभियानमा जुट्न थालेका छन्। मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा जिल्लालगायत क्षेत्रमा कालीगण्डकी नदीको चौतर्फी दोहन हुन थालेपछि युवाहरू सामाजिक सञ्जालमार्फत नदी र सभ्यता बचाउ अभियानमा जुटेका हुन्। युवाहरूले 'कालिगण्डकी बचाउ अभियान' शुरु गरेका हुन्। यस अभियानमा नदी दोहनका विषयमा कलम चलाउने पत्रकारहरू समेत सहभागी छन्। गण्डकी सभ्यता नितान्त ऐतिहासिक भएको र यसको उद्गम थलो कालीगण्डकी भएका कारण यसलाई बचाउन सके कालीगण्डकी सभ्यता जोगिने नत्र यस आसपासमा भएका धार्मिक तथा पुरातात्विक संरचनासमेत लोप भएर नयाँनयाँ सङ्कट देखा पर्ने कालीगण्डकी सभ्यता बचाउ अभियानका मुख्य अभियानकर्मी आरके अदिप्त गिरीले बताउनुभयो। उहाँका अनुसार यस अभियानमा जो कसैले स्वतःस्फूर्तरूपमा सहभागिता जनाउन सक्नेछन्।

"कालगण्डकी बचाऔँ अभियानको एउटा सञ्जाल बनेको छ,गण्डकी प्रदेशका धेरै जिल्लाका युवाहरूले यसमा हातेमालो गर्न थाल्नुभएको छ, यसले राज्यलाई कालीगण्डकी संरक्षणमा दवाब पुग्नेछ", गिरीले भन्नुभयो, "हाम्रो संस्कृति र सभ्यता बचाउन हामीलेनै पहल गर्नुपर्छ नत्र केही वर्षमा गण्डकी सभ्यता लोप भएर जानेछ, अवैध नदी दोहन रोक्नु पहिलो अभियान हुनेछ, त्यसपछि संरक्षणमा जुट्नेछौँ, यो नितान्त सरकार र सरोकारवाला निकायलाई जिम्मेवार बनाउने अभियान हो।" उहाँका अनुसार यस अभियानमा विभिन्न जिल्लाका १०० भन्दा बढी युवाको सक्रिय सहभागिता भइरहेका छन् र धेरै अभियानमा जोडिँदै जानेछन्।

मानव र जैविक विविधताको अस्तित्वसँग गाँसिएको कालीगण्डकी नदी, खोलाबाट गिटी, ढुङ्गा, बालुवा एकोहोरो दोहन हुँदै जाँदा प्रकृति, वातावरण र मानव सभ्यता नै अप्ठ्यारोमा पर्ने अवस्था निकट देखिएकाले अभियान थालिएको गिरीको भनाइ छ। गिरीले लामो समयदेखि प्राकृतिक सुन्दरता र वातावरणका विषयमा कलम चलाउँदै समेत आउनुभएको छ।

नदीमा अवैधरूपमा उत्खनन गर्ने कार्य रोक्न र कालीगण्डकी सभ्यता बचाउन गिरीले सबै सचेत नागरिकलाई आग्रहसमेत गर्नुभयो। कालीगण्डकी नदीमा माफियाको बिगबिगी भएको र यसलाई बचाउन आवश्यक रहेको अधिकारकर्मी राम शर्माले बताउनुभयो। कालीगण्डकीमा खुलेआम अवैध कर्म चल्दा, नदी आफ्नै स्वरूपमा बग्न नपाउने स्थितिले भोलिका दिनमा भयावहको अवस्था आउन सक्नेतर्फ समयमै सचेत हुनुपर्ने शर्माको भनाइ छ। राज्य पक्षसमेत आर्थिक प्रलोभन र प्रभावमा परी सभ्यता मास्न लागि परेको उहाँको आरोप छ।

गण्डकी प्रदेशको नामसँग जोडिएको कालीगण्डकी र यहाँको सभ्यता जोगाउन स्थानीय, प्रदेश र सङ्घ सरकारले ध्यान दिनुपर्ने अभियानकर्मीहरूको जोड छ। गण्डकी प्रदेश सरकारको २०७८/०७९ को नीति तथा कार्यक्रममा वातावरणीय प्रभाव मूल्याङ्कन गरी ढुङ्गा, गिट्टी र बालुवा उत्खनन, उपयोग र व्यवस्थापनका लागि वातावरणमैत्री बनाउन आवश्यक समन्वय गरिने नीति लिइएको छ।

ठेक्कामा दिएका नदीबाट तोकिएका मापदण्डभन्दा बाहिर गएर काम भए नभएको अनुगमन नहुनु र भए पनि कर्मकाण्डी हिसाबले मात्र गर्नु सबैभन्दा चिन्ताको विषय भएको छ।

# पहिरोले ट्रक पुरियो

**रासस**

**म्याग्दी, ६ असार**

बेनी-जोमसोम सडकअन्तर्गत मुस्ताङ र म्याग्दीको सिमानामा पर्ने काभ्रेभिरमा आइतबार दिउँसो एउटा ट्रक पहिरोले पुरिएको छ। मुस्ताङको जोमसोममा सामान पुऱ्याएर म्याग्दीतर्फ फर्किँदै गरेको ग १ क ३४९२ नम्बरको ट्रक गुडिरहेको अवस्थामा खसेको पहिरोले पुरिएर पूर्णरूपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ। प्रहरी निरीक्षक आशिष अधिकारीका अनुसार हिलोमा फसेको ट्रकका निकाल्ने प्रयास गर्दागर्दै माथिबाट खसेको पहिरोले पुरिएको थियो। चालक र सहचालक सकुशल छन्। यो ट्रक बेनीको न्यु मुक्तिनाथ हार्डवयर एण्ड सप्लायर्सको हो। सडक माथिबाट खसेको पहिरोले ट्रकको पूरै भाग पुरिएर क्षत्विक्षत् भएको छ। प्रहरीका अनुसार ट्रक अझै पहिराले पुरिएकै अवस्थामा रहेको छ।केहीदिन अघि अन्नपूर्ण गाउँपालिका–३ म्याग्दीको रूपसे झरनामा दुई दिनसम्म एउटा स्कार्पियो जीप फसेको थियो। पहिरोमा फसेको जिप तेस्रो दिनमा कालीगण्डकीमा खसेर बगाएको थियो।

रूपसेको सडक आइतबार खुलाइएको छ। भुरुङ-तातोपानीको नागढुङ्गामा कालीगण्डकीले सडक र तटबन्ध बगाएपछि अवरुद्ध छ। यसैगरी रघुगङ्गा गाउँपालिकाको चमेरेमा शनिबार राति खसेको पहिरो पन्छाएर सडक खुलाउने प्रयास जारी छ।

# कोभिड प्रभावित पर्यटन क्षेत्रमा विशेष सापटी सेवा

**रासस**

**काठमाडौं, ६ असार**

नागरिक लगानी कोषले कोरोनाबाट अति प्रभावित पर्यटन उद्योगसँग सम्बद्ध-होटल, ट्राभल, ट्रेकिङ तथा उडड्यन क्षेत्रमा कार्यरत कर्मचारीलाई राहत दिने भएको छ।

कोषले ती क्षेत्रमा कार्यरत कर्मचारीले कोषबाट सञ्चालित कर्मचारी वचत बृद्धि स्वीकृत अवकाश कोष कार्यक्रममा सहभागी हुँदा मासिक रूपमा कट्टा गरेको रकम सापटी लिन चाहेमा सहभागीलाई थप ब्याज शुल्क नलिने भएको हो।

कोषले आइतबार एक विज्ञप्तिमार्फत विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को सङ्क्रमणलाई मुलुकभित्र फैलिन नदिनका लागि निषेधाज्ञा गर्दा तुलनात्मक रूपमा बढि प्रभावित भएको भन्दै राहत दिने कार्यक्रम अगाडि सारिएको जनाएको हो। असमान्य परिस्थितिमा कोषका सहभागीलाई थोरै मात्रामा भएपनि राहत र सहयोग पुऱ्याउने उद्देश्यले यस्तो सुविधा उपलब्ध गराउन लागिएको विज्ञप्तिमा उल्लेख छ। कोभिड प्रभावित विशेष सापटी नाम दिइएको यस सुविधाअन्तर्गत सहभागीको खातामा जम्मा भएको रकमको ५० प्रतिशतसम्म सापटी लिन सकिने छ।

# १३ औँ महाधिवेशनपछि काँग्रेस निकै कमजोर बन्यो : नेता सिंह

**रासस**

**काठमाडौं, ६ असार**

नेपाली काँग्रेसका नेता प्रकाशमान सिंहले पार्टीको १३ औँ महाधिवेशनपछि कांग्रेस निकै कमजोर बनेको बताउनुभएको छ।

लोकतन्त्रका लागि हाम्रो अभियानले आइतबार यहाँ आयोजना गरेको बागमती प्रदेशस्तरीय 'नेपाली काग्रेसको १४ औँ महाधिवेशन र अबको बाटो' विषयक अन्तर्क्रियामा उहाँले विधि र प्रक्रियाअनुसार पार्टी चल्न नसक्दा निकै कमजोर बनेको बताउनुभएको हो। "पार्टीको महाधिवेशन भएको तीन महिनाभित्र पार्टीका सबै विभाग गठन गर्ने विधानमा उल्लेख भएपनि लामो समयसम्म विभाग गठन नहुनु दुःखद् कुरा हो," उहाँले भन्नुभयो। पूर्व उपप्रधानमन्त्री सिंहले चारजना कम्युनिष्ट प्रधानमन्त्रीले निर्माण गर्न नसकेको संविधान काँग्रेसको नेतृत्वमा निर्माण भएको भन्दै संविधानको रक्षा गर्ने मुख्य जिम्मेवारी काँग्रेसको काँधमा आएको बताउनुभयो। काँग्रेस केन्द्रीय सदस्य गगनकुमार थापाले महाधिवेशनको बारेमा छलफल गर्ने क्रम सकिएको भन्दै भदौमा हुने महाधिवेशनमा जुट्न सम्पूर्ण नेता तथा कार्यकर्तालाई आह्वान गर्नुभयो। उहाँले जनताले काँग्रेसलाई पाँच वर्ष प्रतिपक्षको जिम्मेवारी दिएपनि सरकारको कार्यशैली र सत्तापक्षको झगडाका कारण काँग्रेस प्रदेश र केन्द्रमा सरकारमा जान बाध्य हुनुपरेको बताउनुभयो।

बागमती प्रदेशका प्रदेशसभा सदस्य गीता वाग्ले, विजुला बर्मा, नरोत्तम बैद्य, प्रभात तामाङलगायतले कुनैपनि बहानामा काँग्रेसको १४ औँ महाधिवेशनलाई आलटाल गरेर सार्ने षड्यन्त्र नगर्न नेतृत्वलाई सुझाव दिनुभयो। काँग्रेस नुवाकोटका सभापति जगदीश्वर नरसिंह केसी, काभ्रेपलाञ्चोकका सभापति मधु आचार्य, चितवनका सभापति जीतनारायण श्रेष्ठ, दोलखाका सभापति रुद्र खड्का, धादिङका सभापति रमेश धमलालगायतले काँग्रेसभित्र चाँडो क्रियाशील सदस्यता टुङ्ग्याएर महाधिवेशन प्रक्रियामा जानुपर्नेमा जोड दिनुभएको थियो। अभियानका संयोजक एवम् काँग्रेस केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले लोकतन्त्रलाई बलियो बनाउन र तोकिएको समयमा १४ औँ महाधिवेशन सम्पन्न गर्नका लागि निरन्तर छलफल र बहस चलाइरहने बताउनुभयो। उक्त अभियानले यसअघि प्रदेश १ र प्रदेश २ मा छलफल सञ्चालन गरिसकेको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ११ समितरा मार्गमा नालामा स्ल्याव राख्ने र रिटेनिङ बाल निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : समितरा मार्गमा नालामा स्ल्याव राख्ने र रिटेनिङ बाल निर्माण पोखरा–११

योजना सम्झौता मिति : २०७७/१२/०८ गते

योजना शुरु मितिः २०७७/१२/१० गते

योजना सम्पन्न मिति : २०७८/०३/०६ गते

योजनाको कुल लागत : रु. ९,३६,०००।–

महानगरपालिकाबाट प्राप्त रकम : रु. ४,६८,०००।–

जन सहभागितावाट : रु. ४,६८,०००।–

उपभोक्ता समितिः ज्ञानीसरा थापा (राना) –अध्यक्ष

रामबहादुर थापा– सचिव

बाबुराम सुवेदी– कोषाध्यक्ष

सदस्य संख्या जम्मा– ७, पुरुष– ४ महिला– ३

**समितरा उपभोक्ता समिति**

**पोखरा -११ समितरा फूलबारी**


# नेप्सेमा पहिरो

रासस

**काठमाडौं, ६ असार**

धितोपत्र बजारमा शेयर कारोवार मापक नेप्से परिसूचकमा उच्च अङ्कले गिरावट आएको छ। नेपाल धितोपत्र बोर्डले विभिन्न ५१ वटा कम्पनीको शेयर कारोवार जोमिखपूर्ण भएको बताएपछि नेप्सेमा आज उच्च अङ्कको गिरावट देखिएको हो।

नेपाल स्टक एक्सचेञ्जका अनुसार साताको पहिलो दिन ६३.२८ बिन्दुले ओरालो लागेर नेप्से दुई हजार ९०५.१४ मा ओर्लेको छ। यस्तै, ठूला कम्पनीको शेयर कारोवार मापन गर्ने सेन्सेटिभ परिसूचक १२.६१ बिन्दुले घटेर ५२८.५१ मा सिमित भएको छ। कूल २१७ कम्पनीको दुई करोड ७३ लाख ४४ हजार ५११ कित्ता शेयर रु ११ अर्ब ८१ करोड ९४ लाख २८ हजार २८९ मा खरिद बिक्री भए। आजकाो कारोवारपछि बजार पूँजीकरण रु ४० खर्ब ३६ अर्ब ३९ करोड १५ लाख ५० हजारको हाराहारीमा रहेको छ। आइतबार कारोवार भएका १३ वटै उपसमूहको शेयर ओरालो लागेको छ। बैंकिङ ३५.४२, व्यापार ९८.४८, होटल तथा पर्यटन ८८.५८, विकास बैंक १०१.०९, वित्त ८०.०४, निर्जीवन बीमा २७८.२५ , उत्पादन १४९.५, अन्य ५१.०३, लघुवित्त ११७.६४, जीवन बीमा ३१०.९४, सामूहिक लगानी कोष ०.२ र लगानी २.२८ बिन्दुले घटेका छन्।

नेप्सेमा अनुसार कारोवारका आधारमा आइतबार नेपाल पुनरबीमा कम्पनी शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ८० करोड ९९ लाख ९९ हजार ७७९ बराबरको कारोवार भयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९ को शिवमार्ग स्वास्थ्य भवन मर्मत गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः स्वास्थ्य भवन मर्मत

वडा नं. ९ (पुरानो वडा कार्यालय) शिवमार्ग

योजना शुरु मितिः २०७७/९/२७ गते

योजना सम्पन्न मिति : २०७७/१२/१४ गते

योजनाको कुल लागत अनुमान : रु.८,७९,७०२.८०

महानगरपालिकाबाट प्राप्त रकम : रु.९,००,०००।–

अध्यक्षः हिरा घलेसचिवः उत्तम जोशी

कोषाध्यक्षः भावना श्रेष्ठ सदस्यः विजया लामिछाने

सदस्यः अन्जना श्रेष्ठ, पिताम्बर भण्डारी

सर्मिला बास्तोला

**स्वास्थ्य भवन मर्मत समिति**

**वडा नं. ९ (पुरानो वडा कार्यालय) शिवमार्ग**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २/३ भि.सि. मार्ग ३५ मिटर नेवा छेः मार्ग ढलान र भि.सि. मार्ग लम्बाई ४८ मिटर मार्ग ढलान, चौडाई ६/७ मिटर मार्ग ढलान निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः भि.सि. मार्ग–३५ मिटर नेवा छेः मार्ग ढलान भि.सि. मार्ग ल. ४८ मिटर निर्माण

योजना शुरु मितिः २०७८/१/१२ गते

योजना सम्पन्न मिति : २०७८/०३/१५ गते

योजनाको कुल लागत : रु.३,७५,०००।–

महानगरपालिकाबाट प्राप्त रकम : रु.३००,०००।–

जन सहभागितावाट : रु.७८,०००।–

गोपाल प्रसाद बाटाजू

अध्यक्ष

**भि.सि. मार्ग निमार्ण उपभोक्ता समिति**

**पोखरा -२/३**

# नासोँ पहिरा : अझै सुरक्षाकर्मी पुग्न सकेनन्

-नविन लामिछाने
**मनाङ, ६ असार**

मनाङको नासों गाउँपालिकाको बाढीपहिराबाट क्षतिग्रस्त क्षेत्रमा अहिलेसम्म सुरक्षा निकाय पुग्न सकेको छैनन् । यही असार १ गतेदेखि परेको अविरल वर्षाका कारण सो क्षेत्रका स्थानीयवासी विस्थापित भएका बताइएको छ । एक स्थानबाट अर्को स्थानमा जानै नसकिने गरी बाढीपहिराले नासों क्षेत्रलाई कटान गरेपछि सम्बन्ध विच्छेद नै बनाइदिएको छ ।

नासो-१ ताल गाउँ, ३ धारापानी, ४ ओडार, ५ थौंचे, ६ र ७ तिल्चे र ८ ताचै बाढीपहिराबाट सबैभन्दा धेरै प्रभावित भएको क्षेत्र हो । प्रभावित स्थानको केही सुरक्षित स्थानमा बसेका स्थानीयवासीमा विभिन्न समस्या देखापर्न थालेको छ।

पहिलो चरणमा नै प्रभावित क्षेत्रमा खाद्यान्न र खानेपानीको समस्या आएको स्थानीय बासिन्दाले बताएका छन् । बाढीपहिराबाट स्थानीय विस्थापित भएको आज ६ दिन बितिसकेको छ। जिल्लाका कुनै पनि सुरक्षा निकाय स्थलगत निरीक्षणमा नआएको स्थानीयवासीले गुनासो गरेका छन्। वर्षाको शुरुआतमै जिल्लालाई बाढीपहिराले उठीबास लगाएको हो । बाढीपीडित परिवारले बाढीपहिराले वितण्डा मच्चाएको र अबका दिन आफूहरू कहाँ बस्ने, के गर्ने भन्ने विषयमा सोच्न नसकेको बताएका छन् । पीडितले तत्कालका लागि भए तापनि गाँस, बास र कपासका खाँचो भएको रहेको जनाउँदै सहयोगका लागि सरकार र दाताहरूसँग हारगुहार मागिरहेका छन् ।

सशस्त्र प्रहरी बल नं ३२ गुल्म, नेपाली सेना र नेपाल प्रहरीको संयुक्त टोली उक्त स्थानमा जाने प्रयास भइरहेको र निरन्तर वर्षाले अबरोध पुऱ्याएको जनाइएको छ।

जिल्लाको तल्लो भेगमा गत मङ्गलबार मर्स्याङ्दी नदीमा आएको बाढील बस्तीहरू डुबानमा परेको छ । अहिले बस्ती सबै बगरमा परिणत भएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो । जिल्लाको चार स्थानीय तहमध्ये तीन स्थानीय तहमा पूर्णरूपमा क्षति पुगेको छ।

जिल्लाको विभिन्न स्थानमा रहेका आठ झोलुङ्गे र दुईवटा पक्की पुल बाढीपहिराले बगाएको उहाँले बताउनुभयो । जिल्लामा पहिलोपटक विभिन्न स्थानीय खोला र मर्स्याङ्दीमा आएको बाढीपहिराबाट ठूलो क्षति भएको यहाँका स्थानीयवासीले बताएका छन्। पुलमात्र होइन यहाँ जलविद्युत्, सडक, सञ्चारका तार पनि बाढीले बगाएर लगेको छ। यहाँका सरकारी कार्यालय, वित्तीय संस्था, होटेल, टहरा र घरहरूमा पूर्णरूपमा क्षति पुऱ्याएको छ । बाढीले पुल, सडक बगाएपछि यातायातका बाटो पूर्णरूपमा सम्बन्ध विच्छेद भएको छ । जिल्लाभरि दुई सय घरपरिवारका एक हजार नागरिक पूर्णरूपमा विस्थापित भएको प्रशासनले जनाएको छ।

**७० प्रतिशत सडकमा क्षति**

बाढीपहिराका कारण यहाँ करीब ७० प्रतिशत सडकमा क्षति पुगेको छ । यस वर्षको मनसुनको शुरुआतमै अत्यधिक वर्षा हुँदा जिल्लामा व्यापक क्षति पुगेको हो। पहिराको जोखिम अझै कायमै रहेको प्रहरीले जनाएको छ।

यसैबीच चामे गाउँपालिका वडा नं ४ र ५ मा थुनिएको मर्स्याङ्दी नदी खोलिएको छ । सशस्त्र प्रहरी र स्थानीय प्रशासनको समन्वयमा थुनिएको नदी खुलाइएको हो । शनिबार दिउँसो वडा नं ४ र ५ जोड्ने मर्स्याङ्दी नदी थुनिँदा चामेबजार जाने ठूलो पुल जोखिममा रहेको थियो । निरन्तर वर्षा भइरहँदा चामेबजार जाने ठूलो पुल नजीक पहिरो खस्दा मर्स्याङ्दी नदी थुनिएको थियो।

तत्कालका लागि जोखिम टरे पनि जोखिम भने कायम नै रहेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो। चामेको बजार क्षेत्र हुँदै झरेको घट्टेखोलाले ढुङ्गामाटो र काठदाउरा बगाएर ल्याएपछि नदी थुनिएको थियो।

# परिकल्पना भएको दशकपछि 'रामायण पार्क' कार्यान्वयनमा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ६ असार**

म्याग्दीको पौराणिक स्थल पछैमा परिकल्पना भएको एक दशकपछि रामायण पार्क (उद्यान) निर्माण गर्ने योजना कार्यान्वयनमा आएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको साझेदारीमा बेनी नगरपालिका-५ पछैमा रामायण पार्क बनाउन विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारेर कार्यान्वयनमा लगेको हो।

नगर प्रमुख हरिकुमार श्रेष्ठले डिपिआर तयार र बजेटको व्यवस्थापन गरेर ठेक्का प्रक्रियामार्फत रामायण पार्क निर्माणको प्रक्रिया शुरु गर्न लागिएको जानकारी दिनुभयो । "पहिलो चरणमा रावणको मूर्ति, बगैँचा, विश्रामस्थल लगायतका पूर्वाधार तयार पार्न पर्यटन मन्त्रालयले रु दुई करोड ११ लाख र नगरपालिकाले रुएक करोड १४ लाख विनियोजन गरेका छन्", उहाँले भन्नुभयो,"बजेटको उपलब्धता र आवश्यकताका आधारमा पूर्वाधार निर्माणलाई निरन्तरता दिनेछौँ ।" हिन्दूधर्मग्रन्थ रामायणको पाँचौ अध्यायमा रावणको जन्म पछैमा भएको उल्लेख छ । पुलह, पुलत्स्य र भरत ऋषिले पछैमा तपस्या गरेको रामायणमा व्याख्या गरिएको छ। विसं २०६६ मा म्याग्दी उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष प्रमोदकुमार श्रेष्ठलगायतले धार्मिक पर्यटकलाई लक्षित गरेर बेनीमा रामायण पार्क बनाउने योजनाको परिकल्पना गर्नुभएको थियो । चौध रोपनी क्षेत्रफलमा फैलिएको पुलह पुलत्स्य क्षेत्रको चार रोपनीमा रामायण पार्क बनाउन लागिएको हो। हालको मन्दिर, हवन कुण्ड, रावणको नाभी गाडेको ठाउँलाई यथावत् राखेर पूर्वाधार बनाइने भएको छ। कुल रु २३ करोड लागत अनुमान गरिएको उद्यान दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत छविलाल सुवेदीले बताउनुभयो।

पछैमा पौराणिक महत्व झल्कने किसिमको रावणको आकर्षक मुर्ति राख्ने, बगैँचा निर्माण, नाभी गाडेकोलगायत ठाउँको संरक्षणका लागि पूर्वाधार र २०० मिटर कालोपत्रे गर्ने योजना छ । विसं २०७४ देखिनै बजेट विनियोजन गरे पनि ठाउँको विवाद र स्रोतको अभावमा रामायण पार्कको योजना कार्यान्वयन हुन सकेको थिएन। पुलह पुलस्त्य क्षेत्र विकास कोषका अध्यक्ष लीलाबहादुर बानियाले रामायण पार्क निर्माण हुन लागेकामा उत्साहित भएको बताउनुभयो । "पौराणिक स्थलको प्रचारप्रसार र संरक्षणसँगै धार्मिक पर्यटनको विकासमा सहयोग पुग्ने अपेक्षा गरेका छौँ", उहाँले भन्नुभयो,"रामायण पार्क म्याग्दीको पर्यटन विकासमा कोसेढुङ्गा बन्नेछ ।" मुक्तिनाथ प्रवेशद्वार गलेश्वर, पुलाचौरको पछै, जगन्नाथ र टोड्के क्षेत्रलाई समेटेर धार्मिक करिडोर बनाउने योजना पनि अघि सारिएको छ। समुद्री सतहदेखि दुई हजार मिटरको उचाइमा अवस्थित पछैबाट धौलागिरि, अन्नपूर्ण, नीलगिरि हिमशृङ्खला, सूर्योदय, बेनी बजारलगायत म्याग्दी, पर्वत र बागलुङको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ। बेनी बजारदेखि गाडीमा ३० मिनेट यात्रा गरेपछि पछै पुग्न सकिन्छ। बेनी अर्थुङ्गेसम्मको सडक कालोपत्रे भएको छ। पछैको पर्यटन विकास र स्थानीयवासीको सुविधाका लागि अर्थुङ्गेदेखि पुलाचौरसम्मको सडक स्तरोन्नतिमा जोड दिइएको प्रतिनिधिसभाका निवर्तमान सदस्य भुपेन्द्र थापाले बताउनुभयो।

# पत्रकारलाई कोभिड-१९ विरुद्धको खोप लगाउन आदेश

**पोखरापत्र संवाददाता**
**पोखरा, ६ असार**

सर्वोच्च अदालतले कोभिड-१९ विरुद्धको खोप अग्रपंक्तिमा रही समाचार संकलन गर्ने पत्रकारलाई प्राथमिकताका साथ दिने व्यवस्था मिलाउन सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीश डा कुमार चुडालको एकल इजलासले आइतबार समाचार सङ्कलनका क्रममा जनसम्पर्कमा जानुपर्ने भएको हुँदा पत्रकारलाई खोपको व्यवस्था मिलाउन अन्तरिम आदेश जारी गरेको हो।

आदेशमा भनिएको छ, "पत्रकारहरूको पेशागत प्रकृति र जनसमुदाय वा समूहमा पुग्नपर्ने वा जनसम्पर्कमा पुग्नुपर्ने वा जनसम्पर्कमा हुनुपर्ने भएकोले पत्रकारको कार्य प्रकृतिको विशेष परिस्थितिलाई समेत मध्यनजर गरी अग्रपंक्तिमा रही समाचार संकलन गर्ने पत्रकारलाई प्राथमिकता प्रदान गर्नू ।" आदेशमा पहिलो खोप लगाएकालाई दोस्रो र पहिलो खोप पनि नलगाएकालाई कोभिडविरुद्धको खोप लगाउने आवश्यक व्यवस्था मिलाउनु भनिएको छ।

# 'हाइड्रोपोनिक' प्रविधिबाट तरकारी खेती र माछापालन

- रामबहादुर थापा
**बागलुङ, ६ असार**

तलपट्टि सानो पोखरीमा माछा, माथि तरकारी बाली । खेती गर्न न माटो चाहिने न मल। त्यही पोखरीको पानीले तरकारी सिञ्चित गर्छ फेरि तल खस्छ। विद्युतीय प्रणालीमार्फत यो चक्र पूरा हुन्छ । बागलुङ नगरपालिका-३ रात्माटाका अगुवा किसान बैकुण्ठ सापकोटाले यसरी नै 'हाइड्रोपोनिक' प्रविधिबाट तरकारी खेती र माछापालन गरिरहनुभएको छ। सापकोटाले गाउँमा पहिलोपटक यो आधुनिक प्रविधिको सफल परीक्षण गर्नुभएको हो। उहाँका अनुसार यसलाई 'माटोविहीन' खेती पनि भनिन्छ । बिरुवालाई चाहिने सूक्ष्म खाद्यतत्व पानीका माध्यमबाट दिइन्छ । पोखरीको पानीलाई विद्युतीय मोटरमार्फत तानेर बाली लगाइएको ठाउँमा पुऱ्याइन्छ । सापकोटाले चार मिटर लामो र साढे दुई मिटर चौडाइसहितको संरचनामा माछापालन र तरकारी खेती गरेको बताउनुभयो । "यो नमूना परीक्षण जस्तो पनि हो, सम्भवतः जिल्लामै यो प्रविधिबाट खेती गरिएको पहिलोपटक हुनुपर्छ", उहाँले भन्नुभयो। पोखरीमा तीन सय माउर माछाका भुरा हुर्किरहेका छन् भने माथिपट्टि प्याज। 'हाइड्रोपोनिक' प्रविधिबाट सानो जरा हुने तरकारी बाली मात्र लगाउन सकिने उहाँको भनाइ छ । प्याज, लसुन, धनियाँ, साग जस्ता तरकारी खेती त्यसमा फस्टाउँछ। सापकोटाले तरकारीका बाली लगाउन बाँस, प्लाष्टिक बोतल र गिलास प्रयोग गर्नुभएको छ। "पोखरीको पानी मोटरले माथि तान्छ, त्यही पानी एकबाट अर्को हुँदै सबै बोतलमा पुग्छ र फेरि पोखरीमा खस्छ", उहाँले भन्नुभयो।

हरेक बोतलको बीचमा प्वाल पारेर त्यसमा प्लाष्टिकको गिलास राखी त्यसमै तरकारीको बिरुवा लगाउने गरिएको उहाँको भनाइ छ। बिरुवा लगाउँदा माटाको खाँचो पर्दैन। आफूलाई चाहिने खाद्यतत्व र पोषण बिरुवाले पानीबाटै लिन्छ। माछाको दिसाले गर्दा पोखरीको पानीमा सूक्ष्म खाद्यतत्व हुने सापकोटाले बताउनुभयो।

माछापालन नगरी तरकारी मात्रै लगाउँदा भने पानीमा बिरुवालाई चाहिने खाद्यतत्व मिसाउनुपर्ने हुन्छ। उहाँले माछापालन पनि गरेको भएर दुई/तीन हप्तामा पोखरीको पानी फेर्दै आउनुभएको छ। तरकारी मात्रै हुँदा त्यो झन्झट पनि हुँदैन । धेरै परिश्रम गर्न पनि नपर्ने र थोरै ठाउँ भए पनि हुने भएकाले पछिल्लो समय यस प्रविधिप्रति किसान आकर्षित हुन थालेका छन्। घरका छत र कौसीमा पनि यो खेती गर्न सकिन्छ। माटोमा भन्दा यस प्रविधिबाट गरिएको खेती छिटो र धेरै उब्जाउ हुने कृषि प्राविधिक बताउँछन् । 'हाइड्रोपोनिक' प्रविधि अपनाउँदा माटोजन्य रोगको पनि खतरा हुँदैन । विषादी र रसायनिक मल प्रयोग नभएका कारणले किसानले फलाउने तरकारी जैविक हुन्छ। उहाँ 'हाइड्रोपोनिक' प्रविधिबाट तरकारी खेतीको व्यावसायिक विस्तार गर्ने सोचमा हुनुहुन्छ। माछापालन र तरकारी खेती दुवै गर्न सकिने भएकाले यसप्रति अन्य किसान पनि आकर्षित हुने देखिन्छ।

व्यवसायी सापकोटाले माछापालनका लागि नगरपालिकाबाट रु आठ हजार अनुदानसमेत पाएको बताउनुभयो । उहाँ विगत केही वर्षदेखि 'सापकोटा कृषि फार्म'मार्फत व्यावसायिक पन्छीपालन र तरकारी खेतीमा सक्रिय हुनुहुन्छ। फार्ममा आठ कुखुरा र दुई चरा प्रजातिका गरी दश थरी पन्छी छन् । दुईवटा 'टनेल'मा तरकारी छ । कृषिमा श्रम-पसिना बगाउन नहिच्किचाउने उहाँ घरमै बसीबसी मनग्य कमाइ गर्नुहुन्छ।

# कालीगण्डकीमा वर्षायाममा पनि नदीजन्य वस्तु उत्खनन गर्ने निर्णय

**पोखरापत्र संवाददाता**
**पर्वत, ६ असार**

जिल्लाको जलजला गाउँपालिकाले बर्खायाममा पनि नदीजन्य पदार्थ उत्खनन र निकासीका लागि ठेक्का लगाउने भएको छ । लामाखेतस्थित गाउँपालिकाको कार्यालयमा शनिबार अध्यक्ष यामबहादुर मल्ल (रामकृष्ण)को अध्यक्षतामा बसेको कार्यपालिका बैठकले कालीगण्डकी नदीमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ को दफा (४) १३ बमोजिम ठेक्का लगाउने निर्णय गरेको हो।

पछिल्लोपटक जारी भएको कार्यविधिअनुसार आठवटा बगरमा सूचना जारी गरेर बोलकबोल गर्ने फार्मलाई आर्थिक ऐन, २०७७ मा भएको व्यवस्थाअनुसार भदौ १५ गतेसम्मका लागि बालुवा निकाल्न ठेक्कामा लगाउने निर्णय गरेको गाउँ कार्यपालिकाका प्रवक्ता देवेन्द्रबहादुर भण्डारी (रवि)ले जानकारी दिनुभयो । धेरैजसो स्थानीय तहले मनसुन शुरु भएर सतह बढेपछि नदीजन्य वस्तुको उत्खननमा रोक लगाएका छन्। जलजलाले भने यो समयमा हुने चोरी निकासी र राजस्व चुहावट रोक्न नयाँ कार्यविधिमा टेकेर ठेक्का प्रक्रिया शुरु गर्न लागेको हो। "विगतमा बर्खामा ठेक्का नलगाएको समयमा पनि डोजर लगाएर बालुवा निकालेर चोरी निकासी भएको थियो", कार्यपालिकाका प्रवक्ता भण्डारीले भन्नुभयो, "चोरी, निकासी र राजस्व चुहावट हुनुभन्दा नयाँ कार्यविधिअनुसार ठेक्का लगाएरै तोकिएको परिमाणमा वैधानिक हिसाबले बालुवा निकाल्न दिने निर्णय गरेका हौँ।"

आइइई रिपोर्टअनुसार लामाखेत बगरबाट १० हजार घनमिटर, घुमाउने बगरबाट पाँच हजार घनमिटर, केराबारी बगरबाट सात हजार घनमिटर, मोहनचोकको लुङ्दी बगरबाट १० हजार घनमिटर, फर्सेबगर (क)बाट १० हजार घनमिटर, फर्सेबगर (ख) बाट बीस हजार घनमिटर, ज्यामिरे बगरबाट पाँच हजार घनमिटर र खनीयाघाट बगरबाट १० हजार घनमिटर बालुवा निकाल्न ठेक्का लगाउने निर्णय गरेको छ । प्रतिघनमिटर रु २८० न्यूनतम मूल्य कायम भएको छ । जलजलाले यसअघि नदीजन्य वस्तुको उत्खननका लागि उपकरण प्रयोग गर्न दिने गरी ठेक्का सम्झौता गर्दै आएको छ। ठेक्का सम्झौताबिना आफूखुशी बालुवा निकाल्ने र निकासी गर्ने ट्र्याक्टरलाई पहिलोपटक रु १५ हजार, टिपरलाई रु २५ हजार र डोजरलाई रु ५० हजार जरिवाना तिराउने र दोहोऱ्याएमा जरिवाना पनि बढाउने भएको छ।

गाउँपालिकाले नदीजन्य वस्तुलाई मुख्य आन्तरिक आयस्रोत बनाएको छ । अध्यक्ष मल्लले विकास आयोजनाका लागि आवश्यक कच्चा पदार्थको सहज आपूर्ति गराउने, आन्तरिक आयस्रोत बढाउने र चोरी निकासी रोकिनेबताउनुभयो।"कालीगण्डकीले बगाएर ल्याउने बालुवालाई चेकड्याम बनाएर निकाल्ने हो", अध्यक्ष मल्लले भन्नुभयो, "बगेर खेर जाने बालुवा गाउँपालिकाको आन्तरिक आयस्रोतमा रूपान्तरण गराउन सबैको सहयोग आवश्यक छ ।" सम्झौताअनुसार उत्खनन भए/नभएको अनुगमन र चोरी निकासी रोक्न जिल्ला समन्वय समिति, प्रहरी कार्यालय र पालिकाका प्रहरीले निगरानी गर्ने व्यवस्था मिलाएको छ।

चालु आर्थिक वर्षमा पनि नदीजन्य वस्तुसहित ११ महिनाको अवधिमा रु दुई करोड ८६ लाख आन्तरिक आम्दानी गरेको गाउँपालिकाले जनाएको छ। यसैगरी जलजलाले यही असार ९ गते नीति तथा कार्यक्रम र १० गते बजेट प्रस्तुत गर्ने निर्णय पनि कार्यपालिका बैठकले गरेको प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो।

# इमान्दार चालकका अर्का नमूना

**पोखरापत्र संवाददाता**
**तनहुँ, ६ असार**

तनहुँको म्याग्दे गाउँपालिका-३ पसले निवासी मालबाहक गाडीका चालक चेतबहादुर चदारोले सडकमा भेटाएको पैसा आइतबार सम्बन्धित व्यक्तिलाई हस्तान्तरण गर्नुभएको छ।

दमौलीबाट छिमेकी जिल्ला लमजुङतर्फ मौरी लिएर जाँदै गरेका चालक चदारोले व्यास नगरपालिका-७ स्थित दुलेपानी नजिक पैसा राखेको पर्स भेटाएपछि सम्बन्धित व्यक्तिलाई हस्तान्तरण गर्नुभएको हो। व्यास नगरपालिका-७ स्थित सत्रसयबाट मोटरसाइकलको लेगार्डमा झोला राखेर कलेस्ती बजारतर्फ जाँदै गर्दा झोला खसेर हराएको अस्मिता शाहीले जानकारी दिनुभयो । झेलामा नगद, मोबाइल र सुनका औंठीसहित करीब रु एक लाखबराबरको नगद तथा जिन्सी हराएकाले पाउने आशै मारिसकेको उहाँलेबताउनुभयो।"इमान्दारव्यक्तिको हातमा फेला परेकाले धन्न पाइयो", उहाँले भन्नुभयो, "समाजका सबै मानिसहरू बेइमानी हुँदैन् भन्ने कुराको प्रमाणित भएको छ।"


## Provincial Government
## Ministry of Physical Infrastructure Development
## Urban Development and Building Office, Kaski
### Gandaki Province, Pokhara, Nepal

# Invitation for Online Bids

First Date of Publication: 2078/03/07

Urban Development and Building Office (UDABO), Kaski invites e-bid from registered, eligible and interested bidders for the execution of following works under NCB procedures.For more detail, eligible and interested bidders may visit and download the bid documents from e-GP system www.bolpatra.gov.np/egp

| S. N0. | Name of Project, Contract ID No. and Address | Estimated Amount including VAT (NRs) | Bid Security amount (NRs) | Period of validity for Bid Security | Cost of Bid document | Last date of Bid submission |
|---|---|---|---|---|---|---|
| 1. | Construction of Store House at Infrastructure Department Office, Location: Pokhara, Kaski Contract ID No:UDABO/KASKI/ SQ/WORKS/23/077-78 | 17,05,087.87 | 50,000.00 | 90 days from the last date of bid submission | 1,000.00 | 2078/03/21 |

Office Chief



# काठको सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०७८/०३/०७**

**यस कार्यालयको कम्पाउण्डमा रहेको साल जातको चिरान थान २१ को गोलिया परिमाण ४०.५० क्यू. फि. काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। यस सम्वन्धी विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।**

**श्री डिभिजन वन कार्यालय, स्याङ्जा ।**